बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः १० | मितिः २०८०/११/३०

## भाग – २

## बान्नीगढी जयगढ गाउँपालिका

# गाउँपालिका स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

गाउँकार्यपालिका बाट स्विकृत मितिः २०८०/११/३०

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१/०१/०९

## प्रस्तावना

बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्रको कला, साहित्य, संगीत, संस्कृति तथा खेलकुद क्षेत्रको विकास, विस्तार गर्दै कला, साहित्य, संगीत र खेलकुद क्षेत्रमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत

गराई स्थानीय प्रतिभाहरुको पहिचान र उजागर गर्दै सामाजिक विकास तथा परिवर्तनका निम्ति प्रतिभावान, सचेत र स्वस्थ नागरिक बनाउनको लागि कला, साहित्य, संगीत, संस्कृति तथा खेलकुद सम्बन्धी प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गर्न वाञ्छनीय देखिएकोले बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७९ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँपालिका गाउँ सभाबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ।

# परिच्छेद-१
# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "बान्नीगढी जयगढ गाउँपालिका स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि बान्नीगढी जयगढ गाउँपालिका, गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ। यो कार्यविधि खेलकुद, कला, साहित्य, संगित र संस्कृतिक सम्बन्धित संघ, संस्थाहरु तथा प्रशिक्षण केन्द्रहरुमा समेत लागू हुनेछ।

# परिच्छेद-२
# परिभाषा

**२. परिभाषा**ः विषय र प्रंसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकालाई जनाउँछ।

(ख) "कार्यविधि" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकास्तरीय "कला, संस्कृति तथा खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०८०" सम्झनुपर्छ।

(ग) "कला, संस्कृति तथा खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा (३) बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

(घ) "संयोजक" भन्नाले कला, संस्कृति तथा खेलकुद विकास समितिको संयोजकलाई सम्झनुपर्छ।

(ङ) "सह-संयोजक" भन्नाले कला, संस्कृति तथा खेलकुद विकास समितिको सह-संयोजक सम्झनुपर्छ।

(च) "सदस्य" भन्नाले कला, संस्कृति तथा खेलकुद विकास समितिको सदस्य सम्झनुपर्छ।

(छ) "सदस्य-सचिव" भन्नाले कला, संस्कृति तथा खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनुपर्छ।

(ज) "अध्यक्ष" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(झ) "उपाध्यक्ष" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ । सो शब्दले आर्थिक तथा प्रशासनिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउँदछ ।

(ट) "स्थानीय सरकार" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ड) "खेलकुद" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको आयोजना वा स्वीकृती वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्छ ।

(ढ) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्छ ।

(ण) "कलाकार" भन्नाले गीत, संगीत र नृत्य क्षेत्रमा लागेका गाउने, बजाउने, देउडा खेल्ने, पुतला वा भुऔ तथा नृत्य गर्ने र अभिनय गर्ने व्यक्ति वा समुहलाई सम्झनु पर्छ । सो शब्दले स्थानीय मौलिक संस्कृति सँग सम्बन्धित देउडा खेल्ने, होरी खेल्ने पुतला तथा भुवो खेल्ने ब्यक्ति तथा समुहलाई सम्झनु पर्छ ।

(त) "साहित्यकार" भन्नाले साहित्यका विविध विधाहरु जस्तै कथा, कविता, गजल, मुक्तक, निवन्ध,हाइकु, देउडा, उपन्यास लगायतका विधामा सिर्जना गर्ने लेखक वा व्यक्तिहरुलाई सम्झनु पदर्छ ।

(थ)"प्रशिक्षक" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाद्धारा सञ्चालित कला,साहित्य,संगीत र खेलकूद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल तथा कला, साहित्य र संगीत प्रशिक्षणमा सम्बद्ध बिधागत कला, साहित्य, संगीत र खेलकुद प्रशिक्षक सम्झनु पर्दछ ।

(द) "प्रशिक्षार्थी" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाद्वारा सञ्चालित कला, साहित्य, संगीत र खेलकूद प्रशिक्षणमा सहभागी कलाकार, साहित्यकर्मी, संगीतकर्मी, खेलाडी टिम, क्लव, सांस्कृतिक परिवार,संघ संस्थामा सम्बद्ध कला, साहित्य, संगीतका नवप्रतिभाहरु र सिकारु खेलाडी सम्झनु पर्छ ।

(ध) "प्रोत्साहन" भन्नाले खेलाडी, कलाकार, साहित्यकारलाई दिईने उपहार, सम्मान, पुरस्कार, नगद र चन्दालाई सम्झनुपर्दछ ।

# परिच्छेद-३

## कला, संस्कृति तथा खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ३. कला, संस्कृति तथा खेलकुद विकास समितिको गठनः

(१) कला, साहित्य, संगीत, संस्कृति र खेलकुद क्षेत्रको विकास गर्नको लागि बान्नीगढी जयगढ गाउँपालिकामा देहाय बमोजिमको १३ सदस्यीय बान्नीगढी जयगढ गाउँपालिकास्तरीय "कला, संस्कृति तथा खेलकुद विकास समिति" को गठन हुनेछः

(क) बान्नीगढी जयगढ गाउँपालिका, गाउँ कार्यपालिकाले कार्यपालिका सदस्यहरु मध्येबाट तोकेको एक जना –संयोजक

(ख) प्रत्येक वडाबाट वडा समितिले खेलाडी, कलाकार, श्रष्टा एवम सर्जकहरु मध्येबाट तोकी पठाएका छ जना – सदस्य

(ग) गाउँपालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल तथा कला, साहित्य र संगीत क्षेत्रमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडी, कलाकार, साहित्यकर्मी, संगीतकर्मी, श्रष्टा एवम सर्जकहरु मध्येबाट बान्नीगढी जयगढ गाउँकार्यपालिकाले मनोनित गरेको कम्तीमा एकजना महिला र एकजना दलित सहित चार जना – सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि एक जना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एकजना अधिकृतस्तरको कर्मचारी- सदस्य-सचिव

(च) संयोजकको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले सहसंयोजकको रुपमा काम गर्ने

(छ) समितिको विभिन्न पदमा नियुक्ती भएका पदाधिकारी एवम सदस्यहरुलाई अनुसूची (५) बमोजिमको नियुक्ती पत्र दिनुपर्नेछ।

**(२) संरक्षक/सल्लाहाकार समितिको गठनः**

(क) समितिको संरक्षक बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष रहनेछन।

(ख) कला, संस्कृति तथा खेलकुद विकास समितिले गाउँपालिका अध्यक्ष सँगको परामर्शमा सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा आवश्यकता अनुसार ३ देखि ७ सदस्यीय सल्लाहाकार समितिको गठन गर्न सक्नेछ।

**(३) अन्य उपसमितिको गठनः**

(क) कला, संस्कृति तथा खेलकुद विकास समितिले कुनै खेलकुद, कला, संगीत एवम सांस्कृतिक कार्यक्रम तथा प्रतियोगिता संचालन गर्न वा कुनै खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न विभिन्न उपसमिति तथा विभाग गठन गरी जिम्मेवारी तोक्न सक्नेछ।

(ख) समितिले आवश्यक देखेमा बान्नीगढी जयगढ गाउँपालिकाका अन्य छिमेकी स्थानीय तह वा जिल्लाको खेलकुद वा कला, संगीत एवम सांस्कृतिक क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञको रुपमा समितिका बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**(४) वडा स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति गठन गर्नेः**

बान्नीगढी जयगढ गाउँपालिका स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति गठन गर्न सकिनेछ । कला, संस्कृति तथा खेलकुद विकास समितिले गाउँपालिका भित्रका सबै वडाहरुमा कला, साहित्य, संगीत एवम खेलकुद क्षेत्रको विकास गर्नका लागि सात सदस्य रहेको तपशिल अनुसारको वडा स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति गठन गर्न सक्नेछ।

(क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यहरु मध्येबाट एक जना- संयोजक

(ख) वडा समितिले तोकेको एक जना महिला सहित दुई जना - सदस्य

(ग) स्थानीय कला, संगीत एवम खेलप्रेमीहरु मध्येबाट दुई जना - सदस्य

(घ) वडा भित्रको माथिल्लो तह सञ्चालित विद्यालय प्र.अ./शिक्षक प्रतिनिधी एक जना - सदस्य

(ङ) सम्वन्धित वडा कार्यालयका वडा सचिव - सदस्य सचिव

**४. कला, संस्कृति तथा खेलकुद विकास समितिको काम, कर्तब्य र अधिकारः**

(१) कला, संस्कृति तथा खेलकुद विकास समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका स्तरीय कला, साहित्य, संगीत, संस्कृति र खेलकुद क्षेत्रको कार्ययोजना निर्माण गरि स्वीकृतको लागि गाउँपालिकामा पेश गर्ने।

(ख) स्थानीय स्तरका खेलकुद तथा कला, साहित्य एवम संस्कृतिको संरक्षण, संवद्धन र प्रर्वद्धनका लागि खेलकुद, सांगितिक, साहित्यिक एवम सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्ने।

(ग) गाउँपालिकाभित्रका खेलाडी, कलाकार, सर्जक एवम नवप्रतिभाहरुको प्रतिभा पहिचान, संरक्षण,

सम्वर्द्धन एवम प्रर्वद्धन गर्न बार्षिक रुपमा नियमित गाउँपालिकास्तरीय खेलकुद प्रतियोगिता एवम सांस्कृतिक-सांगीतिक प्रतियोगिता सञ्चालन, आयोजना, संयोजन तथा ब्यवस्थापन गर्ने।

(घ) बान्नीगढी जयगढ गाउँपालिकाभित्र जन्मिएर स्वदेश तथा विदेशमा ख्याति कमाउन सफल तथा लामोसमयसम्म खेलकुद तथा कला संगीत क्षेत्रमा योगदान पुर्याउनुभएका खेलाडी, कलाकार, साहित्यकारहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने।

(घ) खेल सञ्चालनका लागि भौतिक संरचनाको पूर्वाधार निर्माण योजना निर्माण संरक्षण सञ्चालन तथा विकास गर्ने।

(ङ) खेलकुदको स्तरमा वृद्धि गर्न गाउँ, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका विभिन्न विधाका

खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने ।

(च) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसार प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने।

(छ) गाउँपालिकाभित्र वा शैक्षिक संस्थाहरुमा कला, साहित्य, संगीत र संस्कृतिका विविध विधाहरुमा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने।

(ज) कला, साहित्य, संस्कृति र खेलकुद सम्बन्धी प्रतियोगिता, कार्यक्रम, प्रशिक्षण वा बैठकमा भाग लिन खेलाडी, कलाकार, श्रष्टा र समितिका सदस्य तथा कर्मचारीलाई अन्य गाउँपालिका/नगरपालिका, जिल्ला, प्रदेश र संघमा पठाउने।

(झ) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको समन्वय गर्ने र आवश्यक निर्देशन दिने।

(ञ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने।

(ट) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आवश्यक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने ।

(ठ) खेलकूदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानका निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने।

(ड) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी  तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था  गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार  विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने ।

(ढ) गाउँपालिका भित्रका खेलाडी, कलाकार, साहित्यकार, श्रष्टा, सर्जक तथा नवप्रतिभाहरुलाई आर्थिक सहायता तथा  छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने।

(ण) खेलाडी,  कलाकार, साहित्यकार, श्रष्टा सर्जकहरुको स्वास्थ्य सेवाको प्रर्वद्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने।

(त) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्क हुन पुगेका अपाङ्गहरुको खेलकूद क्षमता विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने र  आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने।

(थ) वडा स्तर र विद्यालय स्तरमा कला, संगीत साहित्य र खेलकूद सम्बन्धि गतिविधिहरु सञ्चालन गर्ने गराउने।

(द) गाउँपालिका स्तरीय खेलकुद प्रशिक्षक र संगीत प्रशिक्षक नियुक्तीका लागी कार्यपालिकामा सिफारिस गर्ने।

(ध) कला, संस्कृति तथा खेलकुद विकास समितिको कार्यालय संचालन गर्नको लागि आबश्यक कर्मचारी व्यवस्था गर्ने।

(न) गाउँपालिकाको बार्षिक योजनामा समावेश भएका गाउँपालिका स्तरीय र वडा स्तरीय कला,साहित्य, संगीत र खेलकुद कार्यक्रम सञ्चालन गर्ने, गराउने।

(प) जिल्ला प्रशासन कार्यालय, गाउँपालिका वा अन्य निकायमा दर्ता भएका कला, साहित्य, संस्कृति, संगीत र खेलकुद सम्वन्धी संस्थालाई समितिमा सूचिकृत गर्ने ।

(फ) समितिले वार्षिक योजना बनाई गाउँपालिकामा पेश गर्ने।

(ब) समितिले आफ्नो हिसाव किताब र प्रगतिको सामाजिक परिक्षण गराउनु पर्ने।

(भ) समितिको लेखापरिक्षण गाउँपालिकावाट गराउनुपर्ने छ।

(म) कला, संस्कृति तथा खेलकुद विकास समितिको आफ्नो छुट्टै लोगो सहितको लेटरप्याड र छाप हुनेछ।

(य) समितिले कला, साहित्य र खेलकुद विकासको लागि आफ्नो बार्षिक कार्यक्रम संचालन गर्न अनुदान वा सहयोग लिन सक्नेछ।

(र) समितिले गरेको कार्य प्रगतिको प्रतिवेदन मासिक रुपमा गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

(ल) कला, साहित्य, संगीत, संस्कृति र खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

(व) गाउँपालिका क्षेत्रभित्र आयोजना गरिने धार्मिक तथा सांस्कृतिक विशेषता बोकेका मौलिक लोक संस्कृति झल्किने मेला, चाडपर्व तथा कार्यक्रमहरुको संरक्षण तथा जगेर्ना गर्ने ।

**५. संयोजक,सह-संयोजक, सदस्य र सदस्य-सचिवको काम, कर्तव्य र अधिकार**

**(१) संयोजकको काम, कर्तव्य र अधिकारः**

(क) समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा मत विभाजन भई मत बराबर भएमा निर्णायक मत दिने ।

(ख) कला, संस्कृति तथा खेलकुद विकास समितिद्धारा आयोजना, सञ्चालन तथा व्यवस्थापनमा हुने कला, साहित्य तथा खेलकुद कार्यक्रमको अध्यक्षता गर्ने ।

(ग) समितिको सर्वोच्च अधिकारीको रुपमा रहि पदाधिकारीहरुको काम बाँडफाड गर्ने र नियमित व्यवस्थित प्रभावकारी रुपमा कार्य संचालन गर्ने ।

(घ) स्थानीय तह, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय सांस्कृतिक तथा खेलकुद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

(घ) समितिको बैठक बस्न नसकेको अवस्थामा कुनै कार्य गर्ने आवश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनको लागी पेश गर्ने ।

(ङ) आवश्यकता अनुसार अन्य संस्था, निकाय वा अन्तराष्ट्रिय सघं संस्थाको प्रतिनिधित्व गराउने ।

(च) अभिलेख प्रमाणित गर्ने ।

(छ) संस्था सूचिकृत गर्ने ।

**(२) सह-संयोजकको काम, कर्तव्य र अधिकारः**

(क) संयोजकको अनुपस्थितिमा संयोजकको कार्य गर्ने जिम्मा लिने ।

**(३) सदस्यहरुको काम कर्तव्य र अधिकारः**

(क) समितिको बैठकमा सक्रिय रुपमा सहभागिता जनाउने ।

(ख) समितिको हरेक कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग) समितिले अह्राएको कुनै पनि काम गर्ने ।

(घ) समिति मार्फत हुने कला, साहित्य एवम खेलकुदका हरेक कार्यक्रमहरुमा सक्रियताका साथ सहभागी हुने ।

**(४) सदस्य सचिवको काम कर्तव्य र अधिकारः**

(क) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

(ख) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने ।

(ग) बैठकको निर्णय लेख्ने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(घ) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

(ङ) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

(च) बैठकको निर्णय अनुसार कोष खर्च खाता सञ्चालन गर्ने ।

(छ) समितिको निर्णय कार्यन्वयन गराउने ।

**६. समितिका सदस्यहरुको पदावधीः**

(क) मनोनीत सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछन । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(ख) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा (३) को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(ग) कुनै सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(घ) संयोजक वा कुनै सदस्यले आफ्नो कर्तव्यपालन नगरेमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाइ दिने मौकाबाट बञ्चित गरिने छैन ।

**७. सदस्यको अयोग्यताः**

देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक ।

(ग) ऋण तिर्न नसकी दामासाहीमा परेको, मगज बिग्रेको व्यक्ति ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्ति ।

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

**८. सदस्यता समाप्ति हुने अवस्थाः**

देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा (७) बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा ।

(ख) सदस्यले राजीनामा दिई समितिबाट स्विकृत भएमा ।

(ग) नीजको मृत्यु भएमा ।

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

(ङ) समितिको कार्यविधि, प्रचलित ऐन, नियम, कानुन विपरित कार्य गरेमा ।

## परिच्छेद–४

## समितिको बैठक सम्बन्धि व्यवस्था

**९. समितिको बैठक र निर्णयः**

(१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनुपर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सह-संयोजक वा कार्यवाहक संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको एक तिहाई सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ७( सात) दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा सर्वसम्मतबाट निर्णय हुनेछ। सर्वसम्मतबाट निर्णय हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ।

(८) समितिको बैठकको निर्णय पुस्तिकाको अन्त्यमा बैठकको अध्यक्षता गरेको व्यक्तिले हस्ताक्षर गरी निर्णय प्रमाणित गर्नुपर्नेछ।

(९) बैठकमा सहभागी सदस्यहरुलाई प्रचलित कानून बमोजिम बैठक भत्ताको ब्यवस्था गरिनेछ।

## परिच्छेद –५

## कार्यक्रम तथा प्रतियोगिता संचालनका लागी आर्थिक सहयोग सम्बन्धि व्यवस्था

**१०.** बान्नीगढी जयगढ गाउँपालिकाको कला, संस्कृति तथा खेलकुद विकास समितिले सञ्चालन गर्ने खेलकुद, कला, साहित्य एवम सांस्कृतिक कार्यक्रम जस्तै गाउँपालिका कप, अध्यक्ष कप, उपाध्यक्ष कप लगायतका प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्नका लागि बान्नीगढी जयगढ गाउँपालिका, गाउँ कार्यपालिकाले बढीमा वार्षिक रु.३५,०००००।– (अक्षेरुपी पैतिस लाख रुपैयाँ सम्म) बजेट विनियोजन गर्न सक्नेछ।

**११.** जिल्ला प्रशासन कार्यालय वा बान्नीगढी जयगढ गाउँपालिकामा दर्ता भई कला, संस्कृति तथा खेलकुद समितिमा सुचिकृत भई समितिबाट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरुले कला, संस्कृति तथा खेलकुद विकास समितिको उद्देश्य अनुसार खेलकुद, कला, साहित्य एवम सांस्कृतिक प्रतियोगिता एवम कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई कला, संस्कृति तथा खेलकुद विकास समितिले उपलब्ध बजेट सिमा भित्र रही देहाय अनुसारको रकम आवश्यकता र औचित्यताको आधारमा सिफारिस गर्नेछ। समितिको सिफारिसमा बान्नीगढी जयगढ गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले निर्णय गरी त्यस्तो आर्थिक सहयोग रकम उपलब्ध गराउन सक्नेछ।

(क) गाउँपालिका एवम जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि बार्षिक रुपमा बढीमा रु.८,००,०००।– (अक्षेरुपी आठ लाख रुपैया सम्म )।

(ख) वडा स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु.६०,०००।– (अक्षेरुपी ६० हजार सम्म )।

(ग) गाउँपालिका स्तरको प्रतियोगिता तथा कार्यक्रमका लागि (वर्षमा १ पटक) बढीमा

रु.१,००,०००।– (अक्षेरुपी एकलाख रुपैयाँ सम्म) ।

(घ) जिल्ला स्तरको प्रतियोगिता तथा कार्यक्रमको लागि (वर्षमा १ पटक) बढीमा रु.२,००,०००।– (अक्षेरुपी दुइलाख रुपैयाँ सम्म) ।

(ङ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. ५,००,०००।– अक्षेरुपी पाँचलाख रुपैयाँ सम्म ।

तर गाउँपालिका आफै आयोजक भई सञ्चालन गर्ने गाउँपालिका कप, अध्यक्ष कप, उपाध्यक्ष कप तथा प्रशासकीय अधिकृत कप जस्ता प्रतियोगिता सञ्चालनका लागी बढिमा रु ५,००,०००।– (अक्षेरुपी पाँचलाख रुपैयाँ सम्म) ।

## परिच्छेद–६

## कला, संगित तथा खेलकुद प्रतियोगिता संचालन र व्यवस्थापन

**१२.** बान्नीगढी गाउँपालिकाले वा कला, संस्कृति तथा खेलकुद विकास समिति आफैले कला, साहित्य,संगीत र विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न वा गराउन सक्नेछ ।

**१३.** कला, संस्कृति तथा खेलकुद विकास समिति आफैले वा गाउँपालिका भित्रका टिम, क्लब, संघ संस्थाहरु मार्फत स्थानीय, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय टीमसँगै मैत्रीपूर्ण खेलकुद प्रतियोगिताका आयोजना गर्ने वा गराउन सक्नेछ ।

**१४.** बान्नीगढी जयगढ गाउँपालिकाभित्रका विभिन्न वडाहरुमा स्थानीय संघ संस्था क्लवहरु मार्फत सञ्चालन हुने कला, संगीत तथा खेलकुद प्रतियोगिताहरुमा कला, संस्कृति तथा खेलकुद विकास समितिले खेलकुद एवम बाद्यवादनका सामाग्रीहरु खरिद गरि वितरण गर्न सक्नेछ ।

**१५.** कला, संस्कृति तथा खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछः

क) गाउँपालिका क्षेत्र भित्र खेलकुद लगायत कला, साहित्य, संगीत र संस्कृति विशेष विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

ख) कला, साहित्य, संगीत र खेलकुद विकासका लागि सभा, सम्मेलन,र्याली, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) अन्तरपालिका, जिल्ला, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी,कलाकार, साहित्यकार वा खेलकुद प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ) गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघसंस्थाका प्रतिनिधिहरु एवम सदस्यहरुको भेला, याली वा बैठकका लागि बोलाउन सक्नेछ ।

ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक, टीमहरुलाई स्वागत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**१६.** अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघसंस्था वा विद्यालयलाई सहभागी गराउन सक्नेछ ।

**१७**. कला, संस्कृति तथा खेलकुद विकास समितिले निर्णय गरे बमोजिम पालिकाको क्षेत्र भन्दा बाहिर सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापक लाई निम्नानुसार सुविधा प्रदान गरिनेछ
(क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराइनेछ । खान बस्नका लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्दछ । गाउँपालिकाभन्दा वाहिरको कार्यक्रममा सहभागी हद भन्दा नबढ्ने गरी खर्च गर्नु पर्नेछ । खान बस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु.१५००।– का दरले खर्च उपलब्ध गराउन सक्नेछ ।

(ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु १०००।– का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ ।

(ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडीलाई बढीमा वार्षिक रु.५,०००।– तथा प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.३,०००।– सम्मको सुविधा दिन सकिनेछ। तर यो सुविधा गाउँपालिका स्तरीय टीमबाट खेलकुद प्रतियोगितामा सहभागी खेलाडीको हकमा मात्र लागु हुनेछ। अन्य खेलाडिको हकमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१८**. गाउँपालिका क्षेत्र भित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु.१०००।– मा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ ।

**१९**. कला, संस्कृति तथा खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतीले विभिन्न खेलाडी, व्यवस्थापक,रेफ्रि तथा कलाकारहरुको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद-७

## कला, संगित तथा खेलकुद तालिम एवं प्रशिक्षण व्यवस्थापन

**२०.** कला, संस्कृति तथा खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि र साहित्य, कला र संगीत क्षेत्रका नवप्रतिभाहरुलाई उजार, संरक्षण एवम संवद्र्धन गर्नका लागि आवश्यकतानुसार साहित्य, कला संगीतका विभिन्न विधाहरु र विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिन वा तालिममा सहभागी गराउन सक्नेछ ।

**२१.** जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सञ्चालन तथा आयोजना हुने खेलकुद तालिमहरुमा गाउँपालिका भित्रका खेलाडीहरुलाई बढीमा एक बर्ष सम्म सहभागी गराउन सक्नेछ । तालिममा सहभागी हुने खेलाडीहरुलाई गाउँपालिकाले तालिममा लाग्ने खाना, खाजा, र तालिम शुल्क खर्च व्यवहोर्नुका साथै प्रत्येक खेलाडीहरुलाई प्रतिदिन रु.५००।–(पाँचसय रुपैयाँ) को दरले प्रोत्साहन खर्च समेत उपलब्ध गराउन सक्नेछ ।

**२२.** प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धि वडाको सिफारिस सहित गाउँपालिकास्तरीय खेलकुद विकास समितिमा निर्धारित फाराम बुझाई आवेदन दिनुपर्नेछ ।

**२३.** प्रशिक्षार्थीको फाराम तथा अन्य शुल्क समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**२४.** कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा दुई जना प्रशिक्षक र दुई जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई कला,संस्कृति तथा खेलकुद समितिको सिफारिमा बान्नीगढी जयगढ गाउँपालिकाले तोके बमोजिम सेवा सुविधा उपलबध गराइनेछ ।

**२५.** कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १(एक) वर्षको लागि हुनेछ ।

**२६.** प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत रुपमा प्रयोग हुने सामाग्री सम्बन्धित व्यक्ति आफैले जुटाउनु पर्नेछ ।

**२७.** प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षणको उपलबधताका आधारमा कला, संस्कृति तथा खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ ।

**२८.** प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीका अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रयोगमा ( प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

**२९.** प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नुपर्नेछ।

**३०.** स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था भएको खण्डमा गाउँपालिकास्तरीय कला, संस्कृति तथा खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ।

**३१.** कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गरिनेछ।

## परिच्छेद –८

## खेलकुद पूर्वाधार तथा मर्मत

**३२.** कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामग्रीहरुको सामान्य जडान तथा मर्मत सम्बन्धीत प्रशिक्षकले नै गर्नुपर्नेछ। विशेष तरिकाले मर्मत गर्न सम्बन्धी प्राविधिक कहाँ लानुपर्ने भएमा प्रशिक्षकको माग अनुसार पालिका खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ।

**३४.** खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न पालिका खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ।

## परिच्छेद–९

## टीम क्लब र संघ संस्थाहरुको सूचिकरण सम्बन्धि व्यवस्था

**३५.** खेलकुद, साहित्य, कला, संगीत तथा संस्कृति सम्बन्धी संस्थाको सूचीकरणः

(क) खेलकुद, साहित्य, संस्कृति तथा सांस्कृतिक सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालय, बान्नीगढी जयगढ गाउँपालिकावा अन्य निकायमा दर्ता भएका खेलकुद, कला, साहित्य र संस्कृति सम्वन्धि संस्थाहरु कला, संस्कृति तथा खेलकुद विकास समितिमा अनिवार्य रुपमा सूचीकृत हुनु पर्नेछ।

(ख) परिच्छेद १० को दफा ४२ को (क) बमोजिम समितिमा सूचीकृत नभएको खेलकुद, कला, साहित्य एवम संस्कृति सम्बन्धी टिम, क्लव, संघ संस्थाले बान्नीगढी जयगढ गाउँपालिकाभित्र खेलकुद, सांगीतिक, सांस्कृतिक तथा साहित्य सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

(ग) समितिमा संस्था सूचीकृत गराउने कला, साहित्य, संस्कृति र खेलकुद सम्बन्धी संस्थाले अनूसूची (४) बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ । संस्था सूचिकरणका लागि तपशिल बमोजिमका कागजातहरु समितिमा पेश गर्नुपर्ने छ ।

तपशिल

- संस्था सूचिकरणका लागि निवेदन ।
- संस्था दर्ता प्रमाण पत्र ।
- चालु वर्षको लेखा परीक्षण प्रतिवेदन ।
- कर चुक्ता प्रमाण पत्र ।
- संस्थाको विधान ।
- संस्थाद्धारा सञ्चालन गरिने कला, संगीत, खेलकुदको किसिम/विधा ।

(घ) समितिको संयोजकले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यु समक्ष संस्था सुचिकृत प्रमाणितका लागि पेश गर्नुपर्नेछ ।

(ङ) समितिमा सूचीकरणको लागि दरखास्त दिएका संस्थालाई समितिले अनुसूची (३) बमोजिमको ढाँचामा संस्था सूचिकृत प्रमाण–पत्र जारी गर्ने छ ।

(च) सूचिकृत भएका संस्थाले हरेक बर्षमा सम्वन्धित कार्यालयमा नविकरण गरि नविकरण गरिएको विवरण समितिमा जानाकारी गराउनु पर्ने छ ।

(छ) संस्था सुचिकृत गर्नका लागि रु. ३००।– अक्षेरुपी तीनसय रुपैयाँ सुचिकृत दस्तुर लाग्नेछ ।

(ज) संस्था सुचिकृत नविकरणका लागि रु. २००।– अक्षेरुपी दुइसय रुपैया दस्तुर लाग्ने छ ।

(झ) समितिले संस्था सुचिकरण प्रारम्भ गर्ने पहिलो आ.व.मा प्रोत्साहन स्वरुप सुचिकरण दस्तुर निःशुल्क गर्नेछ ।

३६. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा कला, संस्कृति तथा खेलकुद विकास कोषको व्यवस्था गर्न सक्नेछ ।

३७. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछनः

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र

राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम ।

ख) बान्नीगढी जयगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त रकम ।

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम ।

ङ) गाउँपालिकाभित्रका संस्था, टीम, क्लबहरुबाट आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क ।

च) कला, संस्कृति तथा खेलकुद विकास समितिले विभिन्न व्यक्ति, संघ संस्था र निकायहरुबाट प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम ।

३८. यस कोषको संचालन कला, संस्कृति तथा खेलकुद विकास समितिका संयोजक र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धती गाउँपालिकाको लेखा पद्धती सरह नै हुनेछ ।

३९. कला, संस्कृति तथा खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिका

बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा गाउँपालिकाका अध्यक्षको परामर्शमा संयोजकले त्यस्तो खर्च गरी त्यसपछि बस्ने समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ । यस्तो खर्च एक पटकमा रु.२५,०००।– भन्दा बढी हुने छैन ।

४०. कोषको रकम कला, संस्कृति तथा खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

४१. कोषको कूल आम्दानीको २०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइने छैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा बान्नीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको स्विकृति लिनुपर्नेछ ।

**४२. समिति संस्थाले हिसाबको श्रेष्ता राख्नुपर्नेः**

(क) समिति/संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(ख) खेलकुद विकास समितिले राखेको श्रेस्ताको जाँचबुझ गाउँपालिकाले र कला, साहित्य, संगीत, संस्कृति तथा खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ कला, संस्कृति तथा खेलकुद विकास समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ ।

(ग) कला, संस्कृति तथा खेलकुद विकास समितिको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असलू उपर गर्न गराउन आवश्यक कारवाही चलाउन सक्नेछ ।

(घ) कला, संस्कृति तथा खेलकुद विकास समितिले कला, साहित्य र खेलकुद सम्बन्धी संस्थाका श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ।

**४३. समितिले निर्देशन दिने वा लगतबाट नाम कट्टा गर्नेः**

(क) समितिले खेलकुद तथा कला, साहित्य र संस्कृति सम्बन्धी संस्थालाई कला, साहित्य, संगीत एवम खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु सम्बन्धित कला, संस्कृति तथा खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(ख) समितिले दिएको निर्देशनको पालना नगर्ने कला, संस्कृति, संगीत तथा खेलकूद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(ग) समितिले आफ्नो लगतबाट कुनै सम्बन्धीत संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

**४४. समितिको स्विकृती लिनुपर्नेः**

कला, साहितय, संस्कृति एवम खेलकुद सम्बन्धी संस्थाले प्रतियोगिता गाउँपालका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद तथा कला, साहित्य र संस्कृति विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा बान्नीगढी जयगढ गाउँपालिकाभित्रमा हुने खेलकुद प्रतियोगिता, सांस्कृतिक प्रतियोगिता, साहित्यिक प्रतियोगिता वा कला, साहित्य, संस्कृति र खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी, कलाकार, साहित्यकार वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ।

**४५. बैक खाता संचालन गर्न सक्नेः**

(क) समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा चल्ने गरी राष्ट्रिय वाणिज्य बैक वा अन्य कुनै बैंकमा कला, संस्कृति तथा खेलकुद विकास समितिको नाममा संयुक्त बैंक खाता संचालन गर्नुपर्नेछ।

(ख) समितिको निर्णय अनुसार बजेट खर्च गर्नुपर्नेछ।

**४६. कार्यक्रम तथा बजेटः** खेलकूद विकास र प्रवर्द्धनको लागि बान्नीगढी जयगढ गाउँपालिकाले समितिलाई आवश्यक बजेटसहित कार्यक्रम दिन सक्नेछ।

# परिच्छेद–१०

# आचारसंहिता

**४७. आचारसंहिता**ः खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक, सह-संयोजक तथा सदस्य, कर्मचारी गाउँ कार्यपालिका र सदस्यहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

(क) खेलका निर्णायक, खेलाडी, दर्शक तथा आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शील्ड, ट्रफि गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवजस्ती चन्दा उठाउन पाइनछैन ।

(ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

**४८. सौजन्यताः**

(क) दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल, साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी,जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल तथा कार्यक्रम सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ ।

**४९. प्रतिवेदनः**

समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**५०. बाधा अडकाउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार बान्नीगढी जयगढ गाउँ कार्यपालिकालाई हुनेछ ।

**५१. अनुगमनः**

कला, संस्कृति तथा खेलकुद विकास समितिले संचालन गरेका क्रियाकलापको नियमन अनुगमन गाउँपालिकाले गरि आबश्यक निर्देशन दिन सक्नेछ ।

**५२. अन्यः**

यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यथा प्रचलित कानून बमोजिम हुनेछ ।

**५३. संसोधनः**

यस कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## परिच्छेद–११
## विविध

५४. कला, संस्कृति तथा खेलकुद विकास समितिको आफ्नो छुट्टै लोगो सहितको छाप र लेटरप्याड हुनेछ । समितिको लोगो सहितको छाप अनुसूची (१) र लेटरप्याड अनुसूचि (२) बमोजिम हुनेछ ।

५५. कर्मचारी तथा अन्य आवश्यकताका परेमा गाउँपालिकासँग समन्वय गरी व्यवस्थापन गर्नुपर्नेछ ।

५६. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित संयोजक र सदस्य सचिवले अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ ।

५७. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनुपरेमा गाउँ कार्यापालिकाको निर्णय अन्तिम  हुनेछ ।

५८. स्वीकृत वजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्बन्धमा निम्न अनुसार हुनेछ ।

क) गाउँ खेलकुद विकास समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

ख) समितिका सदस्यहरुलाई बैठक वस्दा बैठक भत्ता वापत प्रति व्यक्ति रु.१०००।– का दरले नियमानुसार कर  कट्टा गरि  उपलब्ध गराइनेछ ।

५९. निर्वाचित एवम मनोनित भएका  कला,संस्कृति तथा खेलकुद विकास समितिका पदाधिकारी एवम सदस्यहरुले गाउँपालिकाका  अध्यक्ष  समक्ष अनुसूची (६) बमोजिम सपथ लिनुपर्नेछ ।

६०. गाउँपालिकाभित्र सञ्चालन हुने जुनसुकै प्रतियोगितात्मक खेलहरुमा  प्रतियोगिको रुपमा सहभागी खेलाडीहरुले बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/वडा अध्यक्ष/कार्यपालिका सदस्य/गाउँसभा  सदस्य वा प्रतियोगिता/कार्यक्रम आयोजक समितिका अध्यक्ष वा संयोजक समक्ष अनुसूची (७) बमोजिम सपथ लिनुपर्नेछ ।

६१. गाउँपालिकाभित्र सञ्चालन हुने जुनसुकै प्रतियोगितात्मक खेलहरुमा निर्णायकको भूमिका वहन गर्न रेफ्री, जर्ज र जुरीले बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/वडाअध्यक्ष/कार्यपालिका सदस्य/गाउँसभा सदस्य वा प्रतियोगिता/कार्यक्रम आयोजक समितिका अध्यक्ष वा संयोजक समक्ष अनुसूची (८) बमोजिम सपथ लिनुपर्नेछ ।

६२. **खारेजी तथा बचाउः**

यो कायविधि प्रचलित कुनै ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म  अमान्य हुनेछ ।

## अनुसूचि–१

(परिच्छेद १२ को दफा ६१ सँग सम्बन्धित)

## कला,संस्कृति तथा खेलकुद विकास समितिको लोगो/छाप

बान्नीगढी जयगढ गाउँपालिका,अछाम

**अनुसूचि–२**

(परिच्छेद १२ को दफा ६१ सँग सम्बन्धित)

**कला,संस्कृति तथा खेलकुद विकास समितिको लेटरप्याडको नमुना**

बान्नीगढी जयगढ गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

# कला, संस्कृति तथा खेलकुद विकास समिति

बान्नीगढी जयगढ गाउँपालिका, अछाम (स्थाः २०....)

पत्र सः............... मितिः..................

चलानि नः................

अनुसूचि–३

(परिच्छेद १० को दफा ४२ को (ग) सँग सम्बन्धित)

**संस्था सुचिकरणका लागि दिने दरखास्तको नमुना**

मितिः............................

श्री संयोजक ज्यू,
कला, संस्कृति तथा खेलकुद विकास समिति
बान्नीगढी जयगढ गाउँपालिका,अछाम ।

**विषयः संस्था सुचिकृत गरिदिनु हुन ।**

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । नियमानुसार बान्नीगढी जयगढ गाउँपालिकास्तरीय कला, संस्कृति तथा खेलकुद विकास समितिमा संस्था सूचिकृत गर्नुपर्ने भएकोले संस्था सूचिकृत गरिदिनु हुन अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरु**

क) दर्ता प्रमाण पत्र ।
ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन ।
ग) कर चुक्ता प्रमाण पत्र ।
घ) संस्थाको विधान ।
ङ) संस्थाद्धारा सञ्चालन गरिने कला, संगीत, खेलकुदको किसिम/विधा

हस्ताक्षर................................
अध्यक्षको नामः............................................
सम्पर्क नम्वरः ............................................................
हस्ताक्षरः..............................
सचिवको नामः.......................................
सम्पर्क नम्वरः.............................................................
संस्थाको नामः..............................................................
संस्थाको ठेगानाः...........................................................
संस्थाको छापः

अनुसूचि–४

(परिच्छेद १० को दफा ४२ को (ङ) सँग सम्बन्धित)

**संस्था सूचिकृत प्रमाणपत्रको नमुना**

**बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

**जयगढ, अछाम**

**कला, संस्कृति तथा खेलकुद विकास समिति**

बान्नीगढी जयगढ गाउँपालिका, अछाम

**संस्था सूचिकृत प्रमाण–पत्र**

सुदूरपश्चिम प्रदेश बान्नीगढी जयगढ गाउँपालिका, वडा नं..... , .......................मा रहेको...........................................................नामक संस्थालाई समितिमा सूचिकृत गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ । बान्नीगढी जयगढ गाउँपालिकास्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि-२०८० र संस्थाको विधानको अधीनमा रही खेलकुद, कला, साहित्य, सांगीतिक सांस्कृतिक एवम संस्कृति सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

**सूचिकृत भएको संस्थाको विवरणः**

संस्थाको नाम....................................

ठेगाना................................................

अध्यक्षको नाम............................................

समितिको पदाधिकारी र सदस्य संख्या.............

| | |
|---|---|
| ........................... | ........................... |
| **सूचिकृत गर्नेको हस्ताक्षर** | **प्रमाणित गर्नेको हस्ताक्षर** |
| नामः............................. | नामः.................................... |
| पदः................................ | पदः..................................... |

कला, संस्कृति तथा खेलकुद विकास समिति बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय बान्नीगढी जयगढ गाउँपालिका, जयगढ, अछाम

| | |
|---|---|
| समितिको छापः | गाउँपालिकाको छापः |

(परिच्छेद (३) दफा (३) उपदफा (१) को (छ) संग सम्वन्धित)

**नियुक्ती-पत्रको नमुना**

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.

च.नं: मिति .................

श्री .....................................

ठेगाना.........................................

**बिषयः नियुक्ती पत्र।**

बान्नीगढी जयगढ गाउँपालिकास्तरीय कला, संस्कृति तथा खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि–२०७९ को परिच्छेद (३) दफा (३) उपदफा (१) (ग) बमोजिम बान्नीगढी जयगढ गाउँपालिका स्तरीय कला, संस्कृति तथा खेलकुद विकास समितिको ....................... पदमा नियुक्ती गरिएको छ। समितिको कार्यविधि अनुसार समितिले तोकेको कार्य इमान्दारिताका साथ वहन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । साथै बान्नीगढी जयगढ गाउँपालिकाको खेलकुद, कला, साहित्य र सांस्कृतिक क्षेत्रको विकास, संरक्षण, संवद्र्धन र प्रर्वद्धनमा यहाँको भूमिका अतुलनिय रहनेछ भन्ने विश्वास गरिएको छ। आफ्नो कर्तव्य पालना गर्दा समितिको कार्यविधि अनुसार आचारसंहिता र आफ्नो आचरणको समेत परिपालना गर्नुहुन समेत सुचित गरिन्छ।

समितिको सदस्य पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछु।

.............................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

कला,संस्कृति तथा खेलकुद विकास समिति बान्नीगढी जयगढ गाउँपालिका, अछाम

अनुसूचि-६

(परिच्छेद १२ को दफा (६६) सँग सम्बन्धित)

## समितिका पदाधिकारी एवम सदस्यहरुले लिने सपथको नमुना

म.................................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निस्ठापुर्वक प्रतिज्ञा गर्दै ईश्वर देश र जनताको नाममा सपथ लिन्छु कि बान्नीगढी जयगढ गाउँपालिकास्तरीय कला, संस्कृति तथा खेलकुद विकास समितिको .............................. पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म आफ्नो कर्तव्य सम्झी देश गाउँपालिका,तथा समिति प्रति वफादार रही भय, पक्षपात वा द्धेष नराखी लोभ, लालच नगरी इमान्दारपुर्वक प्रचलित कानूनको अधीमा रही पालना गर्नेछु । आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानाकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्नेछैन ।

सपथ ग्रहण गरेको प्रमाणित गर्नेको

हस्ताक्षरः............................

नामः..............................

पदः................................

कार्यालयःबान्नीगढी जयगढ गाउँपालिका,अछाम

मितिः..............................

सपथ ग्रहण गर्नेको

हस्ताक्षरः..................

नामः.......................

पदः.........................

अनुसूचि–७

(परिच्छेद १२ को दफा (६७) सँग सम्बन्धित)

# **खेलाडीको सपथको नमुना**

म.................................... प्रचलित खेलकुद नियम प्रति पूर्ण वफादार रही सत्य निस्ठापुर्वक प्रतिज्ञा गर्दै ईश्वर देश र जनताको नाममा सपथ लिन्छु कि ................................................ मा आयोजित .......................... प्रतियोगितामा राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित तथा मर्यादित भई खेल खेल्नेछु ।

सपथ ग्रहण गरेको प्रमाणित गर्नेको

हस्ताक्षरः .............................

नामः ...............................

पदः ..................................

कार्यालयः बान्नीगढी जयगढ गाउँपालिका, जयगढ अछाम

मितिः ...............................

सपथ ग्रहण गर्ने खेलाडीको हस्ताक्षर

नामः ............................

ठेगानाः ..........................

अनुसूचि–८

(परिच्छेद १२ को दफा (६८) सँग सम्बन्धित)

## रेफ्री, जर्ज र जुरीको सपथको नमुना

म..................................... प्रचलित खेलकुद नियम प्रति पूर्ण वफादार रही सत्य निस्ठापुर्वक प्रतिज्ञा गर्दै देश ईश्वर जनताको नाममा सपथ लिन्छु कि ................................................ मा आयोजित .......................... प्रतियोगितामा राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित, मर्यादित र निस्पक्ष भई खेल खेलाउने छु ।

| सपथ ग्रहण गरेको प्रमाणित गर्नेको हस्ताक्षरः | सपथ ग्रहण गर्ने रेफ्रीको हस्ताक्षरः |
|---|---|
| हस्ताक्षरः................. | नामः............................ |
| नामः............................... | नामः............................ |
| पदः.................................. | नामः............................ |
| कार्यालयःबान्नीगढी जयगढ गाउँपालिका, अछाम | नामः............................ |
| मितिः.............................. | नामः............................ |

**आज्ञाले,**

................................

बसन्त बहादुर रावल

नि. प्रमुख प्रशासकीय अधिकृत